## अभिलेखालय :

यस अभिलेखालयले भाषा, धर्म, इतिहाससंग सम्वन्धित अभिलेख र ऐतिहासिक दस्तावेजहरु संकलन भण्डारण तथा संरक्षण गरी सो क्षेत्र मा अध्ययन अनुसन्धान गर्न चाहनेहरुका लागि उपलब्ध गराउने उद्देश्य राखेको छ ।



*जुम्लाबाट प्राप्त च:च*



*दैलेखबाट प्राप्त अभिलेखहरु*

## पुस्तकालय :

यस कक्षमा धार्मिक ग्रन्थ पुरातत्व, संस्कृति, साहित्य, कला तथा विज्ञान प्रविधिसंग सम्वन्धित पुस्तकहरु र कर्णाली प्रदेश सभा विद्येयक संग्रहरु संकलन गरी राखिएका छन् । राष्ट्रिय दैनिक पत्रिकाहरु, स्थानीय पत्रिकाहरु र स्मारिकाहरु संग्रह गरी अध्ययन अनुसन्धानका लागि राखिएको छ ।






| प्रवेश शुल्क | | |
|---|---|---|
| नेपाली अवलोकनकर्ता | व्यक्ति प्रवेश शुल्क | रू. २५।- |
| | विद्यार्थी प्रवेश शुल्क | रू. १५।- |
| | क्यामरा शुल्क | रू. २०।- |
| | मूभी क्यामरा शुल्क | रू. १००।- |
| सार्क देशका अवलोकनकर्ता | व्यक्ति प्रवेश शुल्क | रू. १००।- |
| | क्यामरा शुल्क | रू. ७५।- |
| | मूभी क्यामरा शुल्क | रू. १५०।- |
| सार्क बाहेकका देशका अवलोकनकर्ता | व्यक्ति प्रवेश शुल्क | रू. १५०।- |
| | क्यामरा शुल्क | रू. १००।- |
| | मूभी क्यामरा शुल्क | रू. २००।- |

**प्रदेश संग्रहालय तथा अभिलेखालय**
*वीरेन्द्रनगर, सुर्खेत*
**टेलिफोन :** ०८३-५२१०७०, **फ्याक्स :** ०८३-५२१०७०
**E-mail:** provincemuseumsurkhet@gmail.com
**Web:** pms.karnali.gov.np

**समय :** कार्तिक १६ देखि माघ १५ : १०:१५AM–३:४५PM
माघ १६ देखि कार्तिक १५ : १०:१५AM–४:४५PM
सोमवार : १०:१५AM–२:५५PM

मंगलवार र नेपाल सरकारको वार्षिक पात्रो अनुसारको सार्वजनिक बिदामा संग्रहालय बन्द रहनेछ ।

*सार्वजनिक बिदा बाहेक संग्रहालय शनिवार पनि खुल्नेछ ।*

# प्रदेश संग्रहालय तथा अभिलेखालय

वीरेन्द्रनगर, सुर्खेत

# संक्षिप्त परिचय




कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय

**प्रदेश संग्रहालय तथा अभिलेखालय**
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

# प्रदेश संग्रहालय तथा अभिलेखालय सुर्खेत

## परिचय:

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त एवं सार्वभौमसत्ता सम्पन्न मुलुक हो । सांस्कृतिक विविधता यहाँको विशिष्ट संस्कृतिको रुपमा रहेको छ । विभिन्न कारणले अमूर्त रुपान्तरण हुदै गईरहेको लोक संस्कृतिको संरक्षण एवं सवंर्द्धन गर्ने उद्देश्यले संग्रहालय स्थापना गरिएको हो। सुरुवाती समयमा क्षेत्रीय संग्रहालयको रुपमा वि.सं. २०५७ श्रावण २ गते सोमवार विधिवत् रुपमा उद्घाटन गरिएको हो । मुलुक संघीय संरचनामा प्रवेश गरेसंगै वि.सं. २०७५ असोज ५ गतेदेखि प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश अन्तर्गत रहने गरी प्रदेश संग्रहालय नामाकरण भएकोमा पुनः मिति २०७६ असोज ८ गतेको मन्त्री स्तरीय निर्णयानुसार प्रदेश संग्रहालय तथा अभिलेखालयको रुपमा कायम भएको हो । यस संग्रहालयले मूलतः धर्म, संस्कृति, सामाजिक जनजीवन, पुरातात्विक महत्वका वस्तुको संरक्षण र प्रवर्द्धन गर्नुका साथै इतिहासको जानकारी दिने, शिक्षा दिने, अध्ययन अनुसन्धान गर्ने र मनोरञ्जन प्रदान गर्ने उद्देश्य राखेको छ ।



## संग्रहालयको प्रदर्शनी व्यवस्था

वीरेन्द्रनगर नगरपालिकास्थित टुंडिखेलको पूर्वपट्टि यो संग्रहालय रहेको छ।कर्णाली प्रदेशमा विद्यमान धर्म, संस्कृति, सामाजिक जनजिविका, इतिहास र पुरातत्वसँग सम्बन्धित विषयवस्तु अनुसार वर्गीकरण गरी प्रदर्शनी  कक्षमा राखिएको छ । हाल दुईवटा भवनमा प्रदर्शनी कक्षको व्यवस्था गरिएको छ । यस संग्रहालयले विभिन्न जातजातिहरुको मौलिक पहिचान झल्कने सांस्कृतिक महत्वका सामग्रीहरु, ऐतिहासिक तथा पुरातात्विक वस्तुहरुको संकलन, भण्डारण, संरक्षण र प्रर्दशन गरी प्रादेशिक संग्रहालयको रुपमा विकास र विस्तार गर्ने कार्य गरिरहेको छ ।प्रदेश संग्रहालय तथा अभिलेखालयको व्यवस्था तथा संचालन प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश अन्तर्गत रहेको छ ।

## पहिलो कक्ष :

यस कक्षमा इतिहास तथा सस्कृतिसंग सम्वन्धित वस्तुहरु संग्रहालयले विषयवस्तु अनुसार वर्गीकरण गरी प्रदर्शनीमा राखेको छ । जाजरकोट दरवारको प्रतिकृति, विभिन्न जातजाति (मगर, थारु, राउटे, कुमाल)को संस्कृति झल्काउने मोडेल अर्थात् डायरोमा, गरगहना, परम्परागत भाँडावर्तन, हातहतियार, परम्परागत नापतौलका इकाईगत सामाग्रीहरु, विभिन्न तिथिक्रमका मुद्राहरु, परम्परागत लोकबाजाहरु, सामाजिक पक्षलाई झल्काउने फोटोहरु र काठको नाउ प्रदर्शनीमा राखिएको छ ।



*परम्परागत भेषभूषमा सजिएका थारू*



*परम्परागत नापतौलका भाँडाकुडा*



*परम्परागत भेषभूषमा सजिएका राउटे*



*परम्परागत लोक बाजाहरु*



*परम्परागत पूजाआजा गर्दै मगर*

## दोस्रो कक्ष :

यस कक्षमा विशेषगरी काँक्रेविहारबाट प्राप्त पुरातात्विक वस्तुहरु: औजार, कलात्मक प्रस्तर मुर्तिहरु, फलामका हुक, प्राचीन माटाका भाडाँका टुक्राहरु, सुल्पा बनाउने प्रविधि, जुम्लावाट प्राप्त माटाका च:चहरु, दैलेखबाट प्राप्त लालमोहर, रुक्कापत्र, हिमाली भेगको लामा संस्कृति झल्काउने भेषभुषा, पानीघडी, थाङ्का, माझि जातीसँग सम्वन्धित सामाग्री माछा मार्ने जाल, सुन चाल्न प्रयोग हुने काठका सामाग्रीहरु प्रदर्शनीमा राखिएको छ ।



*काँक्रेविहारबाट प्राप्त प्रस्तर मुर्तिहरु*



*काँक्रेविहारबाट प्राप्त प्रस्तर मुर्ति*



*प्राचीन थाङ्का*

## श्रव्यदृश्य कक्ष :

कर्णाली प्रदेशको धार्मिक, सामाजिक, ऐतिहासिक, पुरातात्विक, संस्कृति लगायत संग्रहालयको संक्षिप्त जानकारी दिने उद्देश्यले तयार गरिएका वृत्तचित्र देखाउने गरिन्छ ।